## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७९/०२/१५ वैठक संख्याः ०१

आज मिति २०७९/०२/१५ गते दिनको १३:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री तिल बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ६) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ९) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १०) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| ११) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| १२) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १४) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

**देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक**

**मितिः २०७९/०२/१५** **वैठक संख्या ०१**

**प्रस्तावहरुः**

१. समिक्षा
२. योजना फरफारक सम्बन्धमा ।
३. विभिन्न समितिहरु गठन सम्बन्धमा ।
४. गाउँपालिका प्रवक्ता तोक्ने सम्बन्धमा ।
५. ५ नं. वडा कार्यालय भवन निर्माण वहुवर्षिय ठेक्का सम्बन्धमा ।
६. सडक नाली सरसफाई तथा हेरालु सम्बन्धमा ।
७. वेणी संगम तटबन्धन सम्बन्धमा ।
८. भुवनटारघाट माथिल्लो नदीजन्य पदार्थ उत्खनन सम्बन्धमा ।
९. पदाधिकारीको सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।
१०. निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धमा ।
११. एफ.एम. सञ्चालन अनुमती सम्बन्धमा ।
१२. कार्यपालिका वैठक संख्या कायम सम्बन्धमा ।
१३. "घ" वर्ष निर्माण व्यवसायी ईजाजतपत्र दिने ( सदिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
१४. सामाजिक सुरक्षा भत्ता वितरण वडा-वडाबाट गर्ने सम्बन्धमा ।
१५. अल्पसंख्यक जाती बोटे, बराम, चेपाङ्गलाई आगामी आ.व. मा निशुल्क स्वास्थ्य विमा गरिदिने बारे ।
१६. राहत सम्बन्धमा ।
१७. भूमिहिन, दलित भूमिहिन र अव्यवस्थित बसोबासीको तथ्यांक प्रविष्ठी सम्बन्धमा ।

**निर्णयहरुः**

१. योजनाको कार्यान्वयन प्रगति, योजना सम्झौता सम्बन्धमा समीक्षा गरियो । गाउँपालिकामा विभिन्न संघ, संस्थाहरुबाट गणतन्त्र दिवसको अवसरमा विभिन्न कार्यक्रम भएको पाईयो । आज साँझ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा गणतन्त्र दिवसको नाममा दिपावली गर्ने निर्णय गरियो ।
२. योजना फरफारक समिति गठन गर्ने र सोही समितिबाट योजना फरफारक गर्ने निर्णय गरियो ।
३. कानून अनुसार विभिन्न कार्य सम्पादन गर्न गराउन गाउँपालिकामा तपसिल अनुसारका समितिहरु गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

**क) स्थानीय राजश्व परामर्श समिति**

गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ - संयोजक
प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य
५ नं. वडाध्यक्ष श्री पूर्ण बहादुर कुँवर - सदस्य

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

कार्यपालिका महिला सदस्य श्री यम माया गुरुङ - सदस्य
राजश्व इकाई प्रमुख श्री उमानाथ ढकाल - सदस्य सचिव

**ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा - संयोजक
गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ - सदस्य
३ नं. वडाध्यक्ष श्री टेक बहादुर आले - सदस्य
कार्यपालिका महिला सदस्य श्री मन माया वि.क. - सदस्य
कार्यपालिका दलित/अल्पसंख्यक सदस्य श्री गंगा सिं वि.क. - सदस्य
कार्यपालिका दलित/अल्पसंख्यक सदस्य श्री बाबुराम परियार - सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य सचिव

**ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति**

गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ - संयोजक
प्रमुख प्रशासकीय अधिकृत - सदस्य
विषयगत समिति संयोजकहरु - सदस्य
योजना इकाई प्रमुख - सदस्य सचिव

**घ) अनुगमन तथा सुपरिवेक्षण समिति**

**गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति**

गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ - संयोजक
प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य
४ नं. वडाध्यक्ष श्री मित्र लाल गुरुङ - सदस्य
कार्यपालिका महिला सदस्य श्री यम माया गुरुङ - सदस्य
योजना इकाई प्रमुख - सदस्य सचिव

**वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति**

वडा अध्यक्ष - संयोजक
वडा सदस्यहरु - सदस्य
वडा सचिव - सदस्य सचिव

**ङ) योजना फरफारक समिति**

गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा - संयोजक
गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ - सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी - सदस्य
५ नं. वडाध्यक्ष श्री पूर्ण बहादुर कुँवर - सदस्य
कार्यपालिका महिला सदस्य श्री बाल कुमारी परियार - सदस्य
आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
योजना इकाई प्रमुख - सदस्य सचिव

गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा १५ बमोजिम गाउँ कार्यपालिकाले कार्यपालिकाको वैठकमा निर्णयको लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति:**

१ नं. वडा अध्यक्ष श्री मनि राज गुरुङ - संयोजक
कार्यपालिका सदस्य श्री बाबुराम परियार - सदस्य
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

**ख) आर्थिक विकास समिति:**

५ नं. वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवर - संयोजक
कार्यपालिका सदस्य श्री गंगा सिं वि.क. - सदस्य
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

**ग) सामाजिक विकास समिति:**

४ नं. वडा अध्यक्ष श्री मित्र लाल गुरुङ - संयोजक
कार्यपालिका सदस्य श्री हुम माया खान - सदस्य
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

**घ) पूर्वाधार विकास समिति:**

३ नं. वडा अध्यक्ष श्री टेक बहादुर आले - संयोजक
कार्यपालिका सदस्य श्री मन माया वि.क. - सदस्य
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

**ङ) वातावरण तथा विपद व्यवस्थापन समिति:**

२ नं. वडा अध्यक्ष श्री मीन बहादुर राना मगर - संयोजक
कार्यपालिका सदस्य श्री बाल कुमारी परियार - सदस्य
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

**च) विधेयक समिति:**

५ नं. वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवर - संयोजक
कार्यपालिका सदस्य श्री गंगा सिं वि.क. - सदस्य
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

४. वडा नं. ५ का वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवरलाई गाउँपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

५. वडा नं. ५ को कार्यालय भवन निर्माणलाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गरियो र सोही अनुसार बोलपत्र आव्हान गरी ठेक्का लगाउने निर्णय गरियो ।

६. वर्षातको समयमा भल बाढी आई सडकको नाली पुर्ने तथा सडक पनि बिगार्ने हुँदा सडक नाली सफाई गर्ने, भल बाडी/पानी नालीतर्फ सम्याउने र गाडी चल्न सहज हुने गरी सामान्य मर्मत गर्न देउपुर-कोटा-वैदी (खाल्टे) सडकमा ३ जना र गाईघाट-सिंच्याङ्ग-काफलडाँडा हुँदै सानुभञ्ज्याङ्ग सडकमा ४ जना सडक हेरालुको रुपमा ३ महिना राख्ने तथा उक्त जनशक्ति (सडक हेरालु) लाई मासिक रु. ६,०००/- भुक्तानी दिने निर्णय गरियो ।

७. वेणी संगम तटबन्धनको लागि सशर्त ९०,००,०००/- (नब्बे लाख रुपैया मात्र) प्राप्त भएकोमा उक्त रकम ढिला प्राप्त भएकोले बोलपत्र आव्हान गरी काम गराउने समय अपर्याप्त भएको साथै साविक DPR रिपोर्ट अनुसार काम गर्नको लागि हालको फिल्डको अवस्था फरक देखिएको तथा सो अनुसार काम गर्न रकम पनि नपुग हुने लगायतका विषयमा प्राविधिकबाट परामर्श प्राप्त भएकोले हालको लागि सिंढीको तल र छेउमा गत वर्षको बाढीले खोलेको र त्यसलाई मर्मत निर्माण नगरे

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

तटबन्धन वाल पनि भत्किने खतरा भएकोले त्यसलाई जोगाउन इष्टिमेट अनुसारको रकम बराबर मात्र श्री देवघाट तिर्थ स्नान स्थल एवं शवघाट संरक्षण विकास जल उपभोक्ता समिति, देवघाट ५ तनहुँसँग सम्झौता गरी काम गर्ने निर्णय गरियो ।

८. भुवनटारघाट माथिल्लो ठेक्का (बोलपत्र) आव्हान भएकोमा शिव शंकर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., भरतपुर १६ चितवनले एक मात्र विड गरेको र उक्त विड मूल्यांकन भई स्वीकृत भएकोले ठेक्का सम्झौता गर्न बोलाईएकोमा उक्त घाट क्षेत्रका बासिन्दाले उक्त क्षेत्रमा जोखिम बढ्न सक्ने सम्भावना भएकोले उत्खनन गर्न नदिने भनि विष्णुशैया टोल विकास संस्था, नमूना आमा समूह, भुवनीटार युवा क्लवको तर्फबाट निवेदन आएको तर ठेकेदार पक्षले उचित वातावरण मिलाउने, विरोध नआउने वातावरण मिलाउने काम गाउँपालिकाले गर्नुपर्ने सो भएमा सम्झौता गरी काम गर्न मञ्जुर भएकोमा कार्यपालिकामा व्यापक छलफल गर्दा हाल उक्त क्षेत्रका बासिन्दाबाट व्यापक विरोध भएकोले उक्त ठेक्का लगाउन गाउँपालिकाले नसक्ने भएकोले ठेकेदारसँग सम्झौता नगरी उक्त ठेक्का रद्द गर्ने निर्णय गरियो । साथै स्थानीय बासिन्दाको विरोधको कारणले गर्दा ठेक्का रद्द गर्नुपरेकोले ठेकेदारलाई कुनै जरिवाना नगर्ने निर्णय गरियो ।

९. नवनिर्वाचित सम्पूर्ण पदाधिकारीहरुलाई निर्वाचित भएको ६० (साठी) दिन भित्र सम्पत्ति विवरण बुझाउनु पर्ने जानकारी भयो ।

१०. निर्वाचन खर्चको विवरण समयमै बुझाउनु पर्ने जानकारी भयो ।

११. देवघाट सेवा केन्द्र, देवघाट – ५ तनहुँलाई १०० वाट एफ.एम. स्टेशन सञ्चालन तथा प्रशारणका लागि इजाजत दिने निर्णय गरियो ।

१२. निर्वाचन कार्यकाल अनुसार कार्यपालिका वैठक संख्या कायम गर्ने निर्णय गरियो । अघिल्लो निर्वाचन परिणाम अनुसार गठन भएको कार्यपालिकाको वैठक संख्या छोडी यस कार्यपालिकाको वैठक संख्या ०१ (शुन्य एक) बाट शुरु गर्ने निर्णय गरियो ।

१३. सदिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., देवघाट – ५ तनहुँलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत दिने निर्णय गरियो ।

१४. सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकसँग समन्वय गरी आगामी आ.व.बाट सामाजिक सुरक्षा भत्ता वडा/वडाबाट वितरण गर्ने निर्णय गरियो ।

१५. अल्प संख्यक जाती बोटे, बराम र चेपाङ्गलाई आगामी आ.व. मा गाउँपालिकाले शुल्क तिरी स्वास्थ्य वीमा गरिदिने निर्णय गरियो । (अल्पसंख्यकलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम)

१६. वडा नं. २ तारुकका कर्ण बहादुर आले मगरको घरमा आगलागिबाट पूर्ण क्षति भएकोले विपद कोषबाट रु. १५,०००/- (पन्ध्र हजार रुपैया मात्र) राहत उपलब्ध गराउने निर्णय गरियो ।

१७. देवघाट गाउँपालिकाका भूमिहिन, दलित भूमिहिन र अव्यवस्थित बसोबासीको तथ्यांक प्रविष्ठी यथाशिघ्र गरी राष्ट्रिय भूमि आयोग, जिल्ला शाखा तनहुँमा पठाउने र उक्त व्यक्तिहरुलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन पहल गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष